# वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान बुलेटिन
# सेरोफेरो
# SEROPHERO

अंक २१-२०८०।०८।१८ | २०८१ जेष्ठ - असार


## Statement of patients flow for the month of Baishakh 2081

| OPD | Total Reg | Follow up within 10 days (~25%) | Grand Total |
|---|---|---|---|
| GENERAL PRACTICE & EMERGENCY MEDICINE | **2934** | **734** | **3668** |
| **SPECIAL OPD** | | | |
| ANAESTHESIOLOGY & CRITICAL CARE | 48 | 12 | 60 |
| CARDIOLOGY | 1635 | 409 | 2044 |
| CTVS (CARDIOTHORACIC AND VASCULAR SURGERY) | 123 | 31 | 154 |
| DENTAL | 2617 | 654 | 3271 |
| DERMATOLOGY & VENEROLOGY | 3725 | 931 | 4656 |
| ENT/OTORHINOLARYNGOLOGY AND HEAD & NECK SURGERY | 3183 | 309 | 1546 |
| GASTRO-ENTEROLOGY & HEPATOLOGY | 1237 | 309 | 1546 |
| INTERNAL MEDICINE | 7239 | 1810 | 9049 |
| OBSTETRICS & GYNAECOLOGY | 5038 | 1260 | 6298 |
| OPHTHALMOLOGY | 1437 | 359 | 1796 |
| ORTHOPAEDICS | 5317 | 1329 | 6646 |
| PAEDIATRICS & ADOLESCENT MEDICINE | 2586 | 647 | 3233 |
| PSYCHIATRY | 1797 | 449 | 2246 |
| PULMONARY, CRITICAL CARE & SLEEP MEDICINE | 751 | 188 | 939 |
| SURGERY | 4700 | 1175 | 5875 |
| SURGICAL GASTROENTEROLOGY | 6 | 2 | 8 |
| OTHER DEPARTMENT in Midas software (Come for investigation purpose only) | 658 | 165 | 823 |
| **Sub Total** | **42097** | **10524** | **52621** |
| **EMERGENCY** | | | |
| CENTRAL | 4613 | 0 | 4613 |
| GYNAE /OBSTETRICS | 729 | 0 | 729 |
| PAEDIATRIC | 1273 | 0 | 1273 |
| **Sub Total** | **6615** | 0 | **6615** |
| **Grand Total :** | **51646** | **11258** | **62043** |
| Paying (EHS) | 3593 | | |
| Nepal Govt Social Insurance | 24762 | | |
| Other Scheme | 23291 | | |
| **Ward IPD** | **3130** | | |
| *ICU/CCU/PCCU/IMCCU/SICU* | **235** | | |
| *NICU/PICU/MICU/Nursery* | **98** | | |
| *Dialysis* | **1600** | | |

***Source: Medical Record Section / Matron Office***

## Statement of patients flow for the month of Jestha 2081

| OPD | Total Reg | Follow up within 10 days (~25%) | Grand Total |
|---|---|---|---|
| GENERAL PRACTICE & EMERGENCY MEDICINE | **3138** | **785** | **3923** |
| **SPECIAL OPD** | | | |
| ANAESTHESIOLOGY & CRITICAL CARE | 51 | 13 | 64 |
| CARDIOLOGY | 1923 | 481 | 2404 |
| CTVS (CARDIOTHORACIC AND VASCULAR SURGERY) | 192 | 48 | 240 |
| DENTAL | 2862 | 716 | 3578 |
| DERMATOLOGY & VENEROLOGY | 4394 | 1099 | 5493 |
| ENT/OTORHINOLARYNGOLOGY AND HEAD & NECK SURGERY | 3501 | 875 | 4376 |
| GASTRO-ENTEROLOGY & HEPATOLOGY | 1513 | 378 | 1891 |
| INTERNAL MEDICINE | 8403 | 2101 | 10504 |
| OBSTETRICS & GYNAECOLOGY | 5972 | 1493 | 7465 |
| OPHTHALMOLOGY | 1632 | 408 | 2040 |
| ORTHOPAEDICS | 6134 | 1534 | 7668 |
| PAEDIATRICS & ADOLESCENT MEDICINE | 3066 | 767 | 3833 |
| PSYCHIATRY | 2038 | 510 | 2548 |
| PULMONARY, CRITICAL CARE & SLEEP MEDICINE | 830 | 208 | 1038 |
| SURGERY | 5556 | 1389 | 6945 |
| SURGICAL GASTROENTEROLOGY | 67 | 17 | 84 |
| OTHER DEPARTMENT in Midas software (Come for investigation purpose only) | 756 | 189 | 945 |
| **Sub Total** | **48890** | **12223** | **61113** |
| **EMERGENCY** | | | |
| CENTRAL | 4347 | 0 | 3592 |
| GYNAE /OBSTETRICS | 798 | 0 | 691 |
| PAEDIATRIC | 1497 | 0 | 1471 |
| **Sub Total** | **6642** | 0 | **5754** |
| **Grand Total :** | **58670** | **13007** | **70789** |
| Paying (EHS) | 4113 | | |
| Nepal Govt Social Insurance | 29445 | | |
| Other Scheme | 25112 | | |
| **Ward IPD** | **3706** | | |
| *ICU/CCU/PCCU/IMCCU/SICU* | **262** | | |
| *NICU/PICU/MICU/Nursery* | **97** | | |
| *Dialysis* | **1653** | | |

***Source: Medical Record Section / Matron Office***

## "B.Sc. MLT Curriculum Review Workshop" सम्पन्न



प्रतिष्ठानमा संचालनमा रहेको शैक्षिक कार्यक्रम Bachelor of Science in Medical Laboratory Technology (B.Sc. MLT) को पाठ्यक्रम समीक्षा तथा परिमार्जन गर्न मिति २०८० चैत्र २० गते प्रतिष्ठानको Health Professions Education (HPE) हलमा एकदिने कार्याशाला गोष्ठी सम्पन्न भएको थियो । प्रतिष्ठानको आयोजना तथा B.Sc. MLT Program Coordinator Office को तत्वावधानमा सम्पन्न उक्त कार्यक्रमको उद्घाटन प्रतिष्ठानका उपकुलपति डा.ज्ञानेन्द्र गिरीज्यूले गर्नुभएको थियो ।

### हार्दिक अनुरोध

समाचारजन्य जानकारी, कार्यक्रम, स्वास्थ्य सम्बन्धी लेख, रचना आदि सूचना तथा संचार केन्द्रमा उपलब्ध गराई दिनुहुन सम्पूर्ण शिक्षक, चिकित्सक, कर्मचारी, विद्यार्थीवर्ग एवम् सम्बद्ध सबैमा हार्दिक अनुरोध गर्दछौं । कृपया आफ्ना सामाग्रीहरुको Soft copy पठाउँदा Kantipur Font मा पठाई दिनुहुन पनि अनुरोध गर्दछौं । सेरोफेरोको गत जेष्ठ महिनाको अंक विशेष कारणबस प्रकाशन हुन नसकेकोले यहाँहरु समक्ष क्षमाप्रार्थी छौं ।

\- सूचना तथा सञ्चार केन्द्र

B.Sc. MLT Program Coordinator डा.रत्ना बरालले संचालन गर्नु भएको उक्त कार्यशालामा प्रतिष्ठानका तर्फबाट शिक्षाध्यक्ष प्रा.डा.संजिव कुमार शर्माज्यू, डीन (शैक्षिक) प्रा.डा.शिवेन्द्र झाज्यू, डीन (परीक्षा) प्रा.डा.कृष्णा पोखरेलज्यू, सम्बन्धित विभागीय प्रमुखहरु तथा प्राध्यापकहरु, शिक्षक-चिकित्सकहरु, महाशाखा/शाखा प्रमुखहरुको सहभागिता रहेको थियो भने प्रतिष्ठान बाहिरबाट चिकित्सा शिक्षा परिषद्का प्रमुख श्री सुयोग शर्माज्यू, National Health Professionals Council (NHPC) का अध्यक्ष श्री सुबोध कुमार शर्माज्यू तथा सो काउन्सिलका प्रतिनिधीहरु, धुलिखेल स्थित काठमाडौं यूनिभर्सिटी, बायोकेमेष्ट्री बिभागका प्रमुख प्रा.डा.प्रबोध रिसालज्यू, काठमाडौं स्थित किष्ट मेडिकल कलेज, माइक्रोबायोलोजी बिभागका प्रा.डा.बालमान सिंह कार्कीज्यू तथा बीर अस्पताल, प्याथोलोजी बिभागकी एसोसिएट प्रोफेसर डा.प्रतिभा विष्टज्यूको सहभागिता रहेको थियो ।



कार्यक्रमको प्रारम्भमा प्रतिष्ठानका पदाधिकारीज्यूहरुले कार्यक्रम सफलताको शुभकामना सहित आ-आफ्नो मन्तव्य राख्नु भएको थियो । यसै क्रममा उपकुलपतिज्यूले स्वास्थ्य सेवा क्षेत्र हाल द्रुत गतीमा विकास भइरहेको र सोही गतिमा शैक्षिक कार्यक्रमहरु पनि अघी बढाउन पाठ्यक्रम विकासको महत्वमा जोड दिनु भयो । वहाँले रोगको निदान गर्न चिकित्सा प्रयोगशाला टेक्नोलोजिष्टहरुले खेल्ने भूमिका महत्वपुर्ण रहेको र सो जनशक्ती तयार गर्न उत्तम शैक्षिक आधार अपरिहार्य रहेको बताउनु भयो । मन्तव्यकै क्रममा शिक्षाध्यक्षज्यूले उपकुलपतिज्यूको विचारमा समर्थन जनाउँदै पाठ्यक्रम विकास गर्न उक्त गोष्ठीले बलियो सहयोग पुग्ने विश्वास व्यक्त गर्दै डा.बराल तथा आयोजक टोलीको प्रशंसा गर्नु भएको थियो । कार्यक्रमको उद्देश्य र महत्व बारे डीनज्यू (शैक्षिक) ले प्रकाश पार्नु भएको थियो भने कोअर्डिनेटर डा.बरालले उपस्थित सम्पुर्णलाई धन्यवाद ज्ञापन गर्नु भएको थियो ।

कार्यक्रमको दोश्रो सत्रमा ग्रुप डिस्कसन, ग्रुप वर्क, ग्रुप प्रेजेन्टेसन जस्ता गतिविधीहरुको आयोजना गरिएको थियो जसमा B.Sc. MLT पाठ्यक्रम अन्तर्गतको विषयहरु, क्रेडिट आवर, फिल्ड भिजिट, लग बुक आदि बारे गहन छलफल भएको थियो । रक्त परिक्षणको प्रविधि, माइक्रोबायोलोजिकल परिक्षण, बायोकेमिकल एनालाइसिस तथा प्रयोगशाला टेक्नोलोजीमा नविनतम प्रविधि जस्ता मुख्य विषयहरु समेटिएको उक्त गोष्ठीका सहभागीहरुले गोष्ठी अत्यन्तै फलदायी रहेको बताउनु भयो । कार्यक्रमको अन्त्यमा सहभागी सम्पुर्णलाई कोअर्डिनेटर डा.बरालले प्रमाणपत्र वितरण गर्नुभएको थियो ।

## प्रतिष्ठानमा नयाँ प्रवक्ता तथा सह प्रवक्ता नियुक्त



प्रतिष्ठानमा नयाँ प्रवक्ता तथा सह-प्रवक्ता नियुक्त हुनु भएको छ । यस क्रममा प्रवक्तामा प्याथोलोजी विभागकी एडिसनल प्रोफेसर डा.अन्जु प्रधान नियुक्त हुनु भएको छ भने सह-प्रवक्तामा सर्जरी विभागका एसिष्टेन्ट प्रोफेसर डा.अभिजीत कुमार नियुक्त हुनु भएको छ । वहाँहरुको कार्यकाल २०८१ जेठ १७ गते देखि लागु भई दुई वर्षका लागि हुनेछ । यस अघी प्रवक्तामा स्कूल अफ पब्लिक हेल्थ तथा कम्यूनिटी मेडिसिन विभागका चिफ प्रा.डा.पारस पोखरेल हुनुहुन्थ्यो भने सह-प्रवक्तामा पेडियाट्रिक्स विभागका एसिष्टेन्ट प्रोफेसर डा.अरुण कुमार सिंह हुनुहुन्थ्यो ।

## प्रतिष्ठानमा 3rd Medicine Update 2024 सम्पन्न



प्रतिष्ठानको आयोजना तथा ईन्टर्नल मेडिसिन विभागको तत्वावधानमा प्रतिष्ठानमा गत जेष्ठ १८ र १९ गते दुई दिने "**3rd Medicine Update 2024**" भव्यताका साथ सम्पन्न भएको छ । **"Empowering Healthcare Professionals via Medical Education and Innovative Strategies"** नारा रहेको उक्त सम्मेलनको संरक्षकमा प्रतिष्ठानका उपकुलपति डा.ज्ञानेन्द्र गिरीज्यू रहनु भएको थियो भने सह-संरक्षक तथा कन्भेनरमा शिक्षाध्यक्ष प्रा.डा.संजिव कुमार शर्माज्यू रहनु भएको थियो । अन्य सह-संरक्षकहरुमा रजिष्ट्रार प्रा.डा.सूर्य प्रसाद संग्रौलाज्यू, अस्पताल निर्देशक डा.जगत नारायण प्रसादज्यू तथा डीन (शैक्षिक) प्रा.डा.शिवेन्द्र झाज्यू रहनु भएको थियो । त्यसैगरी, आयोजक समिति अध्यक्षमा ईन्टर्नल मेडिसिन विभागका प्रमुख डा.रोबिन मास्के, साइन्टिफिक अध्यक्षमा डा.सोनिया दुलाल, संयोजकमा डा.भुपेन्द्र शाह तथा आयोजक सचिवमा डा.सुरेन्द्र उराँव हुनुहुन्थ्यो । अन्य सदस्यहरुमा डा.उज्वल रिसाल, डा.राजिव शर्मा, डा.अभिनाश राई, डा.रंजित कुमार दास, डा.प्रदिप कटुवाल, डा.नविन कुमार साह, डा.उर्जा भट्टराई, डा.विनोद साह तथा डा.जितेन्द्र यादव रहनु भएको थियो ।

चिकित्सा तथा अनुसन्धानको क्षेत्रमा विश्वमा भए गरेका नौला उपलब्धीहरु बारे त्यस क्षेत्रमा आबद्ध नव स्वास्थ्यकर्मीहरुलाई अद्यावधिक गराई ज्ञान हासिल गराउने उदेश्यले यस्तो किसिमको Medicine Update प्रतिष्ठानमा सन् २००६ मा पहिलो पटक र सन् २०२१ म दोश्रो पटक आयोजना

गरिएको थियो । अब उप्रान्त हरेक २ वर्षमा उक्त कार्यक्रमको आयोजना गरिने अध्यक्ष रोबिन मास्केले जानकारी दिनु भयो । वहाँले सम्मेलनमा उपस्थित सम्पुर्णलाई स्वागत मन्तव्य दिनु भएको थियो ।



नेपालका विभिन्न स्वास्थ्य संस्थामा आबद्ध ३ सय ५० भन्दा बढी चिकित्सक तथा नर्सिङ्ग शिक्षक/कर्मचारीहरुको सहभागिता रहेको उक्त सम्मेलनको समुद्घाटन शिक्षाध्यक्ष प्रा.डा.शर्मा, डीन (शैक्षिक) प्रा.डा.झा, अध्यक्ष डा.मास्के तथा संयोजक सचिव डा.उराँवले संयुक्त रुपमा पानसमा बत्ती बालेर गर्नु भएको थियो । कार्यक्रमको विधिवत प्रारम्भ सम्मेलनका Key Note Speaker तथा प्रतिष्ठानको ग्यास्ट्रोइन्टेरोलोजी एण्ड हेपाटोलोजी विभागका प्रमुख प्रा.डा.बिक्रम प्रधानको संभाषणबाट भएको थियो । वहाँले "Metabolic Disorder Associated Fatty Liver Disease (MAFLD)" विषयमा संभाषण दिनु भएको थियो ।

दुई दिने उक्त सम्मेलनलाई Endocrine and Metabolism, Neurology, Rheumatology, Geriatric Medicine and Infectious Disease, Pulmonology and Critical Care, Cardiology and Nephrology, Gastroenterology and Hepatology, Oncology, Nursing and Public Health जस्ता शिर्षक राखी पहिलो दिन ५ र दोश्रो दिन ४ गरी जम्मा ९ वटा सेसनमा विभाजित गरिएको थियो । उक्त शिर्षकहरु अन्तर्गतको विभिन्न उपशिर्षकमा वक्ताहरुले सोधपत्रहरु प्रस्तुत गर्नु भएको थियो । हरेक सेसनको अन्त्य पश्चात् प्रश्नोत्तरको कार्यक्रम राखिएको थियो ।

दोश्रो दिनको शुरुवात Free Paper Session तथा Poster Presentation बाट भएको थियो । जसमा ६ वटा Free Paper र ७ वटा Poster प्रस्तुत गरिएको थियो । उक्त प्रतियोगितामा Paper तर्फ प्रतिष्ठानका डा.अरुण गौतम र Poster तर्फ प्रतिष्ठान कै डा.जितेन्द्र यादव प्रथम हुनु भएको थियो। सम्मेलनमा PG Quiz प्रतियोगिताको पनि आयोजना गरिएको थियो । देशभरीका दश वटा मेडिकल कलेजले भाग लिएको उक्त प्रतियोगितामा प्रतिष्ठानका डा.राम मोहन झा तथा विवेक आचार्य क्षेत्रीले प्रथम स्थान हासिल गर्नु भएको थियो भने नेशनल एकेडेमी अफ मेडिकल साइन्सेसले दोश्रो र इन्स्टिच्यूट अफ मेडिसिनले तेश्रो स्थान हासिल गरेका थिए ।

कार्यक्रमको अन्त्यमा संयोजक डा.शाहले धन्यवाद मन्तव्य दिनु भएको थियो भने इन्टर्नल मेडिसिन विभागमा सत्ताइस वर्षदेखि कार्यरत फोरमेन श्री रमन सुबेदीलाई १० हजार नगद पुरस्कार सहित सम्मानित गरिएको थियो ।

## प्रतिष्ठानमा २०४औं अन्तर्राष्ट्रिय नर्सिङ्ग दिवस मनाइयो



नर्सिङ्ग सेवाकी जननी तथा 'लेडी वीथ द ल्याम्प' को उपनामले विश्व प्रसिद्ध फ्लोरेन्स नाइटिङ्गेलको जन्मदिनका अवसरमा विश्वभर मनाइने अन्तर्राष्ट्रिय नर्सिङ्ग दिवस गत २०२४ मे १२ का दिन प्रतिष्ठानमा पनि विभिन्न कार्यक्रमहरु गर्दै भव्यताका साथ मनाइएको छ ।

कोशी प्रदेश सभाकी सदस्य माननीय यशोदा कायस्थज्यूको प्रमुख आतिथ्य तथा NAN (Nursing Association of Nepal), BPKIHS Unit की अध्यक्ष एवम् प्रतिष्ठानकी मेट्रोन श्री कला थापाज्यूको सभापतित्वमा सम्पन्न उक्त २०४औं अन्तर्राष्ट्रिय नर्सिङ्ग दिवसको यस वर्षको नारा "Our Nurses. Our Future. The Economic Power of Care" रहेको थियो । प्रतिष्ठानको कलेज अफ नर्सिङ्गको आयोजना तथा NAN, BPKIHS Unit को तत्वावधानमा सम्पन्न उक्त कार्यक्रममा प्रतिष्ठानका शिक्षाध्यक्ष प्रा.डा.संजिव कुमार शर्माज्यू, रजिष्ट्रार प्रा.डा.सूर्य प्रसाद संग्रौलाज्यू, डेपुटी अस्पताल निर्देशकद्वय डा.इन्द्र कुमार लिम्बूज्यू तथा डा.लोकेश शेखर जयसवालज्यू, कलेज अफ नर्सिङ्गका चिफ प्रा.रमानन्द चौधरीज्यू, विभागीय प्रमुखहरु, महाशाखा/शाखा प्रमुखहरु, वार्ड इन्चार्जहरु, शिक्षक/ चिकित्सकहरु, कर्मचारीहरु, विद्यार्थीहरु, आमन्त्रित स्थानीय महानुभावहरु तथा पत्रकारहरु गरी सात सय भन्दा बढीको उपस्थिती रहेको थियो ।



कार्यक्रमको शुभारम्भ राष्ट्रिय गान, सरस्वती बन्दना तथा प्रतिष्ठान गान हुँदै पानसमा बत्ती बालेर भएको थियो । तत्पश्चात् मेट्रोन थापाज्यूले स्वागत मन्तब्य राख्दै कार्यक्रमलाई अगाडी बढाउनु भएको थियो ।

मन्तव्य राख्ने क्रममा प्रमुख अतिथि माननीय कायस्थज्यूले फ्लोरेन्स नाइटिङ्गेलको जिवनीमा प्रकाश पार्दै नर्सिङ्ग पेशामा आबद्ध जनशक्तीको विश्वभर माग बढ्दै गएको र नेपालमा पनि सधै यसको अभाव महशुस गरिएको बताउनु भयो । बिरामी उपचारसँगै चाहिने मानवीय सेवामा जीवन अर्पण गर्ने नर्सहरुले नेपालमा उचित पारिश्रमिक नपाइरहेको र सो को वृद्धि तथा अन्य हक हितका लागि आफु सधै लागि रहने बताउनु भयो । कलेज अफ नर्सिङ्गका चिफ प्रा.रमानन्द चौधरीज्यूले अन्तर्राष्ट्रिय नर्सिङ्ग दिवसको यस वर्षको नाराका सम्बन्धमा प्रकाश पार्नु भयो । मन्तव्यकै क्रममा कार्यक्रममा उपस्थित प्रतिष्ठानका पदाधिकारीज्यूहरुले नर्सिङ्ग पेशामा आबद्ध सम्पूर्णलाई शुभकामना

दिनुभयो भने प्रतिष्ठानमा नर्सहरुले पुऱ्याउँदै आएको सेवा प्रशंसनिय रहेको बताउँदै सो का लागि धन्यवाद समेत दिनु भयो ।

प्रतिष्ठानमा विगतका वर्षहरुमा मनाइएको भन्दा फरक तरिकाले मनाइएको यस वर्षको अन्तर्राष्ट्रिय नर्सिङ्ग दिवसका अवसरमा प्रतिष्ठानमा कार्यरत २० वर्ष वा सो भन्दा माथि सेवा अवधी पुरा गरिसकेका १ सय २६ जना नर्सिङ्ग कर्मचारीहरुलाई कदर स्वरुप प्रशंसापत्र प्रदान गरिएको थियो ।

कार्यक्रममा नर्सिङ्ग संकायका विद्यार्थीहरु तथा नर्सिङ्ग कर्मचारीहरुले गित, नृत्य, कबिताहरु जस्ता मनोञ्जनात्मक प्रस्तुतीहरु पस्किएका थिए । यसका साथै कार्यक्रममा रक्तदान जस्तो जिवनोपयोगी कार्यक्रम गरी त्रिसठ्ठी पिन्ट रगत संकलन गरिएको थियो भने Scientific Session जस्तो शैक्षिक गतिविधीको समेत आयोजना गरिएको थियो ।

कार्यक्रमको अन्त्यमा NAN, BPKIHS Unit की उपाध्यक्ष अनिता यादवज्यूले धन्यवाद मन्तव्य दिंदै कार्यक्रमको समापन गर्नु भएको थियो ।

## नि:शुल्क स्वास्थ्य परिक्षण

यसै अन्तर्राष्ट्रिय नर्सिङ्ग दिवसका अवसरमा २०८१ बैशाख २९ गते तद्नुसार ११ मे २०२४ का दिन NAN, BPKIHS Unit ले धरान स्थित पूर्वाञ्चल ज्ञान चक्षु विद्यालयमा त्यहाँ अध्ययनरत विद्यार्थीहरुका लागि नि:शुल्क स्वास्थ्य परिक्षणको आयोजना गरेको थियो । त्यहाँ अध्ययनरत पैसठ्ठी जना विद्यार्थीहरुको नि:शुल्क स्वास्थ्य परिक्षण गर्नुका साथै बालिकाहरुलाई महिनावारी स्वच्छता तथा बालकहरुलाई शारीरिक स्वच्छता बारे ज्ञान दिइएको थियो । स्वास्थ्य परिक्षण गर्ने क्रममा विद्यार्थीहरुको ब्लड सुगर समेत परिक्षण गरिएको थियो ।

त्यसैगरी, विद्यार्थीहरुलाई दैनिक उपभोगका सामाग्रीहरु, औषधीहरु, फष्ट ऐडका सामाग्रीहरु उपलब्ध गराइनुका साथै एक छाक खाना खानका लागि आवश्यक आर्थिक सहयोग प्रदान गरिएको थियो ।

## Climate Informed EWARS सम्बन्धी अभिमुखिकरण कार्यक्रम सम्पन्न



नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य सेवा विभाग, इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको आयोजना, विश्व स्वास्थ्य संगठनको आर्थिक सहयोग तथा वी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको संयोजनमा २०८१ जेष्ठ २ र ३ का दिन प्रतिष्ठानका शिक्षक, चिकित्सक, पारामेडिक्स तथा कर्मचारीहरुलाई Climate Informed EWARS (Early Warning And Reporting System) को उद्देश्य, महत्व र रिर्पोटिङ्ग सम्बन्धी ज्ञान अभिवृद्धि गर्ने उद्देश्यले दुइ दिने अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ ।

प्रतिष्ठानको मेडिकल रेकर्ड शाखाको तत्वावधानमा संचालित उक्त कार्यक्रमको उद्घाटन २०८१ जेष्ठ २ गते प्रतिष्ठानका अस्पताल निर्देशक डा.जगत नारायण प्रसादज्यूले अस्पताल प्रशासनको सभा कक्षमा गर्नुभएको थियो। उद्घाटन पश्चात् डेपुटी अस्पताल निर्देशक डा.इन्द्र कुमार लिम्बूज्यूले नेतृत्व गर्नुभएको उक्त कार्यक्रममा मन्त्रालयका तर्फबाट Disease Surveillance and Research Section का चिफ सागर दाहाल, पब्लिक हेल्थ इन्स्पेक्टर कौशल चन्द्र सुबेदी तथा नर्सिङ्ग अफिसर सन्जु घिमीरे सहभागी हुनुहुन्थ्यो भने विश्व स्वास्थ्य संगठनका तर्फबाट पनि प्रतिनिधीहरुको सहभागीता रहेको थियो । त्यसैगरी, प्रतिष्ठानका तर्फबाट मेडिसिन विभाग, पेडियाट्रिक्स विभाग, जेनेरल प्राक्टिस एण्ड फेमिली मेडिसिन विभाग, माइक्रोबायोलोजी विभाग, अस्पताल प्रशासन शाखा, मेडिकल रेकर्ड शाखा तथा सूचना तथा सञ्चार केन्द्रका प्रतिनिधीहरु गरी बीस जनाको सहभागिता रहेको थियो ।

बेला बेलामा समुदायमा महामारीका रुपमा फैलने गरेका Malaria, Dengue, Kala-azar, Acute Gastroenteritis (AGE), Cholera, Severe Acute Respiratory Infection (SARI) जस्ता रोगहरु देखिएमा तुरुन्त सम्बन्धित सबै जिम्मेवार निकायहरुलाई सुसूचित गर्ने कार्य EWARS प्रणालीको माध्यमबाट गर्ने गरिन्छ । इन्टरनेटको प्रयोग गरी संचालन हुने उक्त प्रणालीले गर्दा समयमा नै रोग फैलनबाट रोकी सोको नियन्त्रण तथा उपचारका लागि आवश्यक कदम चाल्न मद्दत पुग्ने हुन्छ। जलवायु परिवर्तनका कारणले पहिले नेपालको तराई भेगमा मात्र देखिने Malaria, Dengue, Kala-azar जस्ता रोगहरु हाल पहाडी तथा हिमाली भेगहरुमा समेत देखिन थालेका छन् । सो को रोकथाम, नियन्त्रण तथा उपचार प्रणालीको व्यवस्थाका साथै रोगहरुको निगरानी, पूर्वतयारी तथा प्रतिकार्य प्रणालीको विकासका लागि इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले उक्त Climate Informed EWARS प्रणालीको विकास गरेको हो । उक्त प्रणालीको कार्यान्वयनका लागि देशभरमा ४ वटा Piloting Site तोकिएको छ जसमा तराई भेगका लागि वी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान र भरतपुर अस्पताल, पहाडी भेगका लागि पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान तथा हिमाली भेगका लागि कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान रहेका छन् ।



कार्यक्रमको पहिलो दिन Climate Informed EWARS प्रणालीको उद्देश्य तथा महत्वबारे छलफल भएको थियो भने सो प्रणाली संचलनका लागि इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखले प्रतिष्ठानलाई ४ थान

कम्प्युटर सेट समेत प्रदान गरेको थियो । त्यसैगरी, दोश्रो दिन सम्बन्धित वार्डहरुमा गई उक्त प्रणाली सम्बन्धी रचनात्मक तरिकाले Google Sheet बनाइ प्रशिक्षण दिने कार्य गरिएको थियो। कार्यक्रमको समापन डेपुटी अस्पताल निर्देशक डा.लिम्बूले गर्नु भएको थियो ।

यस प्रकारको अभिमुखिकरण कार्यक्रमले आगामी दिनहरुमा स्वास्थ्यकर्मीहरुलाई सचेत बनाई समयमै रिर्पोट गर्ने बानीको विकास गर्दै जाँदा समाजमा हुन सक्ने महामारीबाट बच्न र बचाउन सकिने मेडिकल रेकर्ड शाखाका अधिकृत सुनिल पराजुलीले सेरोफेरोलाई बताउनु भयो ।

## प्रा.डा.शर्मा सम्मानित



धरान स्थित लोकलक्ष्मी प्रतिष्ठानले वी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानका शिक्षाध्यक्ष तथा इन्टर्नल मेडिसिन विभागका प्राध्यापक डा.संजिव कुमार शर्माज्यू र मरणोपरान्त धरानका भूतपूर्व उपमेयर स्व.कृष्णनारायण पलिखेज्यूलाई एक समारोहको आयोजना गर्दै **"प्रोफेसर इन्द्रप्रसाद विमला श्रेष्ठ धरान सेवा सम्मान"** बाट सम्मानित गरेको छ । समाजिक सेवाको क्षेत्रमा उल्लेखनिय योगदान पुर्‍याए वापत प्रदान गरिने कदरपत्र तथा ५१ हजार राशीको उक्त पुरस्कार प्रा.डा.शर्माले केएचडिसी कार्यक्रम मार्फत समुदायमा पुर्‍याउदै आउनु भएको अतुलनीय सेवाका लागि प्रदान गरिएको थियो । वहाँले प्रतिष्ठानमा मात्र हैन समुदाय सम्म पहुँच पुर्‍याई हजारौ सर्वसाधारणलाई मृगौला तथा मुटरोगको समयमै पहिचान गरी उपचार गर्ने गर्नु भएको तथा सो रोगको दीर्घरोगी हुन बाट बचाउन ठूलो भूमिका खेल्नु भएको छ । वहाँले समुदायमै पुगेर जनचेतना फैलाउने नि:शुल्क स्वास्थ्य परिक्षण, चेक जाँच गर्ने साथै गरिब निमुखा जनताहरुलाई औषधी वितरण गर्ने जस्ता कार्य गर्ने गर्नुभएको छ । केएचडीसीका माध्यमबाट वहाँले धरानमा मात्र नभई छिमेकी जिल्लाहरुमा समेत सेवा पुर्‍याउँदै आउनु भएको छ ।

आफु सम्मानित भएकोमा खुशी व्यक्त गर्दै आयोजक संस्थालाई धन्यवाद दिदै आफुले पाएको पुरस्कारको रकम केएचडीसीमा नै खर्च गर्ने बारे प्रा.डा.शर्माले सो कार्यक्रममा बोल्ने क्रममा बताउनु भएको थियो ।

## विद्यार्थीहरुको Blood Donation Committee द्वारा एक दिने CME कार्यक्रम सम्पन्न



प्रतिष्ठानमा अध्ययनरत विद्यार्थीहरुद्वारा गठित Blood Donation Committee ले २०८१ जेष्ठ ११ गते प्रतिष्ठानको अडिटोरियममा "Blood Transfusion" शिर्षकमा एक दिने CME (Continue Medical Education) कार्यक्रमको आयोजना गरेको छ । शिक्षाध्यक्ष प्रा.डा.संजिव कुमार शर्माज्यूको प्रमुख आतिथ्य तथा जेनेरल प्राक्टिस एण्ड ईमर्जेन्सी मेडिसिन विभागका प्रमुख प्रा.डा.रबिन भण्डारीको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा बाहिरबाट पाल्नु भएका विज्ञहरु, प्रतिष्ठानका शिक्षकहरु, चिकित्सकहरु, कर्मचारीहरु तथा विद्यार्थीहरु गरी तीन सय भन्दा बढीको सहभागिता रहेको थियो ।

रक्तदान सम्बन्धी आधुनिक प्रविधि, तौरतरिका, प्रचलन र महत्व बारे अवगत गराउन आयोजित उक्त कार्यक्रमको प्रमुख वक्ताका रुपमा काठमाडौं स्थित ग्राण्डी इन्टर्नेशनल हस्पिटल को ट्रान्स्फ्यूजन मेडिसिन विभागका प्रमुख डा.विपिन नेपाल सहभागी हुनुहुन्थ्यो । प्रतिष्ठानका तर्फबाट भने एनेस्थसियोलोजी विभागकी प्रमुख प्रा.डा.कृष्णा पोखरेल, इन्टर्नल मेडिसिन विभागका एसिष्टेन्ट प्रोफेसर डा.राजिव शर्मा तथा माइक्रोबायोलोजी विभागकी एसिष्टेन्ट प्रोफेसर डा.श्रद्धा सिवाकोटी वक्ता रहनु भएको थियो ।

वक्ताहरुले Blood Transfusion सँग सम्बन्धित विभिन्न विषयहरुमा संभाषण दिनुभएको थियो । यस क्रममा प्रमुख वक्ता डा.नेपालले "Basics of Blood Transfusion" शिर्षकमा संभाषण दिनु भएको थियो भने प्रा.डा.पोखरेलले "Blood Transfusion in Critical Care Settings" शिर्षकमा संभाषण दिनु भएको थियो । त्यसैगरी डा.शर्माले "Platelet Transfusion" शिर्षकमा संभाषण दिनु भएको थियो भने डा.सिवाकोटीले "Transfusion Transmitted Infections" शिर्षकमा संभाषण दिनु भएको थियो ।

सबै वक्ताहरुले संभाषणमा आ-आफ्ना अनुभव र कौशलतालाई समोवश गरेर उपस्थित सहभागीहरुलाई ज्ञान प्रदान गर्नुभएको थियो । संभाषणको क्रम पश्चात् "Blood Banking & Transfusion Medicine" विषयमा Discussion Session को आयोजना गरिएको थियो । कार्यक्रमको अन्त्यमा सहभागीहरुलाई प्रमाणपत्र तथा मायाको चिनो पनि वितरण गरिएको थियो ।

## प्रा.डा.चौधरी नेपाल सरकारद्वारा नियुक्त

प्रतिष्ठानका हाडजोर्नी विभागका प्राध्यापक डा.पशुपती चौधरीलाई नेपाल सरकारले रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान पूर्वाधार तयारी विकास समितिको अध्यक्ष पदमा नियुक्त गरेको छ । वहाँलाई मिति २०८० चैत्र २२ गतेको नेपाल सरकार, मन्त्रीपरिषद्को निर्णयानुसार नियुक्त गरिएको हो । वहाँसँग वी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान जस्तो गरिमामय संस्थाको प्रवक्ता, डेपुटी अस्पताल निर्देशक, विभागीय प्रमुख लगायत अन्य महत्वपुर्ण पदमा रहि कार्य गरेको लामो अनुभव छ। वहाँ नेपाल सरकारको सुप्रबल जनसेवाश्री पदकबाट समेत विभुषित हुनु भएको छ । रामराजा प्रसाद सिंह स्वास्थ्य

विज्ञान प्रतिष्ठान पूर्वाधार तयारी विकास समितिको सञ्चालन, विकास र विस्तारमा वहाँको उल्लेख्य योगदान रहने कुरामा नेपाल सरकार विश्वस्त रहेको व्यहोरा वहाँको नियुक्ती पत्रमा उदृत गरिएको छ ।

## स्नातक तथा स्नातकोत्तर छात्राबासको नयाँ वार्डेनहरु नियुक्त

प्रतिष्ठानमा अध्ययनरत विभिन्न संकाय तथा तहका विद्यार्थीहरुको छात्राबास व्यवस्थापन सम्बन्धी कार्यका लागि प्रतिष्ठानको निर्णयानुसार रजिष्ट्रार प्रा.डा.सूर्य प्रसाद संग्रौलाज्यूले नयाँ वार्डेनहरु नियुक्त गर्नु भएको छ । यसक्रममा स्नातक तहमा अध्ययनरत विद्यार्थीहरु बस्ने महिला तथा पुरुष छात्रबासको प्रमुख वार्डेनमा एनाटोमी विभागका एडिसनल प्रोफेसर तथा प्रमुख डा.शमशेर श्रेष्ठ नियुक्त हुनु भएको छ । वहाँको कार्यकाल २०८१ जेष्ठ ३ गते देखि दुई वर्षका लागि हुनेछ । वहाँले डीन / सहायक डीन (शैक्षिक) एवम् शिक्षाध्यक्ष प्रति जिम्मेवार भई कार्य गर्नु पर्नेछ । यस भन्दा पहिले उक्त पदमा प्रोस्थोडोन्टिक्स विभागका एसोसिएट प्रोफेसर डा.इन्द्र कुमार लिम्बूले जिम्मेवारी सम्हाल्दै आउनु भएको थियो ।

त्यसैगरी महिला छात्राबास वार्डेनमा फिजियोलोजी विभागकी एसिष्टेन्ट प्रोफेसर डा.प्रिजा सुवेदी तथा पुरुष छात्राबास वार्डेनमा सर्जरी विभागका एसिष्टेन्ट प्रोफसर डा.समिर चौधरी नियुक्त हुनु भएको छ । वहाँहरुको कार्यकाल २०८१ जेष्ठ ३ गते देखि दुई वर्षका लागि हुनेछ । वहाँहरुले प्रमुख होस्टेल वार्डेन, डीन/सहायक डीन(शैक्षिक) एवम् शिक्षाध्यक्ष प्रति जिम्मेवार भई कार्य गर्नु पर्नेछ । यस भन्दा पहिले महिला छात्राबास वार्डेनमा साइकियाट्रिक नर्सिङ्ग विभागकी एसोसिएट प्रोफेसर श्री निर्मला प्रधान तथा पुरुष छात्राबास वार्डेनमा जेनेरल प्राक्टिस एण्ड इमर्जेन्सी मेडिसिन विभागका एसिष्टेन्ट प्रोफेसर डा.विजय कुमार श्रीवास्तवले जिम्मेवारी सम्हाल्दै आउनु भएको थियो ।

यसै सिलसिलमा स्नातकोत्तर छात्राबास वार्डेनमा डा.इन्द्र कुमार लिम्बू नियुक्त हुनु भएको छ । वहाँको कार्यकाल २०८१ जेष्ठ २ गते देखि लागु भई दुई वर्षका लागि हुनेछ । वहाँले डीन (शैक्षिक) को निर्देशनमा रही कार्य गर्नु पर्नेछ । यस भन्दा पहिले उक्त पदमा फर्माकोलोजी विभागका एसोसिएट प्रोफेसर डा.दिपेन्द्र प्रसाद सर्राफले जिम्मेवारी सम्हाल्दै आउनु भएको थियो ।

## ALUMNI OF BPKIHS

### डा.सन्दिप बस्नेत: एक परिचय



डा.सन्दिप बस्नेत प्रतिष्ठानको एम.बी.बी.एस. २००४ ब्याचका विद्यार्थी हुनुहुन्छ । वहाँले सन् २०१० मा एम.बी.बी.एस. उत्तीर्ण गर्नुभएको हो । आफ्नो एम.बी.बी.एस. अध्ययन पश्चात् केहि समय नेपालमा स्वास्थ्य क्षेत्रमा आबद्ध भई कार्य गरी वहाँ संयुक्त राज्य अमेरिका प्रस्थान गर्नु भयो। त्यहाँ वहाँले सन् २०१२ मा बोस्टोनमा स्थित Harvard Medical School & Massachusetts General Hospital मा Postdoctoral Fellowship को अध्ययन शुरु गर्नु भयो । आफ्नो डेढ वर्षको अध्ययन पश्चात् वहाँले Clinical Researcher and Scientist को हैसियतले कार्य गर्न शुरु गर्नु भयो । तत्पश्चात् Biotechnology Companies मा आबद्ध हुनु भयो। यसै सिलसिलामा कार्य गर्दै जाँदा म्यासाचुसेट्सको क्याम्ब्रीज स्थित Moderna Therapeutics मा Vaccines Program को वरिष्ठ निर्देशकको हैसियतले जिम्मवारी सम्हाल्नु भयो । त्यहाँ रहँदा वहाँले Cyomegalovirus Vaccine Development Program मा नेतृत्वदायी भुमिका निर्वाह गर्नु भयो । हाल वहाँ न्यू योर्क स्थित Formation Bio को एरिया प्रमुखको हैसियतले कार्यरत हुनुहुन्छ । उक्त कम्पनीले Open AI कम्पनीसँग सहकार्य गर्दै Therapeutics को विकासका लागि AI (Artificial Intelligence) को संलग्नता गराउने सन्दर्भमा केन्द्रित भई कार्य गर्दछ । असाध्य रोग लागेका बिरामीहरुमा तुरुन्त असर गर्ने औषधीहरु एक दिन वहाँ आफुले पत्ता लगाई संसार भरीका त्यस्ता बिरामीहरुलाई उपलब्ध गराउनेछु भन्ने कुरामा वहाँ विश्वस्त हुनुहुन्छ ।

वी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानका पूर्व विद्यार्थी डा.बस्नेतले यसरी राष्ट्रिय/अन्तरर्राष्ट्रिय मञ्चमा चिकित्सा शिक्षा र सेवाको क्षेत्रमा पाएको उपलब्धी र लोकप्रियताले प्रतिष्ठानको समेत ख्याती फैलाउन सहयोग पुऱ्याएकोमा प्रतिष्ठान परिवार वहाँलाई धन्यवाद ज्ञापन गर्दै उज्वल भविष्यको लागि शुभकामना व्यक्त गर्दछ।

## ALUMNI OF BPKIHS

### प्रा.डा.रमेश सिंह भण्डारी: एक परिचय



डा.रमेश सिंह भण्डारी प्रतिष्ठानको एम.बी.बी.एस. सन् १९९५ ब्याचका विद्यार्थी हुनुहुन्छ । वहाँले सन् २००१ मा एम.बी.बी.एस. उत्तिर्ण गर्नुभएको हो । वहाँले काठमाडौं महाराजगञ्ज स्थित त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल बाट जेनेरल सर्जरी विषयमा सन् २००६ मा स्नातकत्तोर र सन् २०१२ मा ग्याष्ट्रोइन्टेरोलोजी विषयमा MCh गर्नु भएको थियो । आफ्नो अध्ययन पश्चात् सोही विश्वविद्यालयमा रही सेवा गर्दै आउनु भएको वहाँ हाल Gastrointestinal and Liver Transplant Surgery विभागको प्राध्यापक तथा युनिट चिफको हैसियतले कार्यरत हुनुहुन्छ ।

वहाँले विश्वका विभिन्न विकसित मुलुकहरुमा गएर Liver/Pancreatic Surgery तथा Transplant सम्बन्धी उन्नत तालिम पनि प्राप्त गर्नुभएको छ । यसक्रममा वहाँले अष्ट्रेलियाको मेलबर्न स्थित Alfred Hospital बाट सन् २०१०-२०११ Liver/Pancreatic Surgery विषयमा तालिम प्राप्त गर्नु भएको छ भने Liver Transplant Surgery विषयमा सोही स्थानको Austin Hospital बाट सन् २०१३-२०१४ मा तालिम प्राप्त गर्नु भएको छ । वहाँले सो विषयमा UPMC, Pittsburg, संयुक्त राज्य अमेरिकाबाट समेत केहि समय तालिम प्राप्त गर्नु भएको छ । वहाँले Gastrointestinal Surgery विषयमा पनि बेल्जियमको Ghent Hospital र जापानको Tokushima University Hospital बाट केहि समय तालिम प्राप्त गर्नु भएको छ ।

वहाँले नेपालमा हुने गरेको कलेजोको शल्यक्रिया तथा कलेजो प्रत्यारोपण क्षेत्रको विकासमा अग्रणी भूमिका निर्वाह गर्दै आउनु भएको छ भने शिक्षण अस्पतालमा कलेजो प्रत्यारोपण सेवा शुरु गर्न वहाँको विशेष योगदान रहेको छ । भारतिय वा अन्य बाहिर देशका चिकित्सकहरुको सहयोग बिना नेपाली चिकित्सकहरुको मात्र टोलीले गरेको नेपालको पहिलो सफल कलेजो प्रत्यारोपण कार्यमा वहाँको पनि सक्रिय सहभागिता रहेको थियो । नेपालमा कलेजो प्रत्यारोपणको क्षेत्रमा वहाँले पुऱ्याउनु भएको अतुलनीय योगदानका लागि नेपाल सरकारले सन् २०१९ मा "सुप्रबल जनसेवाश्री तृतीय" विभुषणबाट विभुषित समेत गरेको थियो । यसका साथै विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पुरष्कारबाट पनि वहाँ सम्मानित हुनु भएको छ ।

वी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानका पूर्व विद्यार्थी प्रा.डा.भण्डारीले यसरी राष्ट्रिय/अन्तरर्राष्ट्रिय मञ्चमा चिकित्सा शिक्षा र सेवाको क्षेत्रमा पाएको उपलब्धी र लोकप्रियताले प्रतिष्ठानको समेत ख्याती फैलाउन सहयोग पुऱ्याएकोमा प्रतिष्ठान परिवार वहाँलाई धन्यवाद ज्ञापन गर्दै उज्वल भविष्यको लागि शुभकामना व्यक्त गर्दछ ।

## Paying OPD Schedule of B.P. Koirala Institute of Health Sciences, Dharan, Nepal

| Department | Sunday | Monday | Tuesday | Wednsday | Thursday | Friday |
|---|---|---|---|---|---|---|
| Psychiatry | Dr.Sanjeev Kumar Mishra | Dr.Suren Limbu | Prof.Dr.Dhana Ratna Shakya | Dr.Suraj Nepal | Dr. Madhur Basnet | |
| Orthopaedics | Prof.Dr.Guru Psd. Khanal | Prof.Dr.Raju Rijal | Prof.Dr.Bikram P. Shrestha | Prof.Dr.Guru Psd. Khanal | Prof.Dr.Raju Rijal | Dr.Rajiv Maharjan |
| | Dr.Pramod Baral | Dr.Prosan P. Shah Kalawar | Dr.Rajiv Maharjan | Dr.Pramod Baral | Dr.Prosan P. Shah Kalawar | Dr.Amit Limbu |
| | Dr.Ashish Pandey | Dr.Jitendra Shah | Dr.Amit Limbu | Dr.Ashish Pandey | Dr.Jitendra Shah | Dr.Yam Bdr. Gurung |
| | | | Dr.Yam Bdr. Gurung | | | |
| Internal Medicine | Dr.Bhupendra Shah | Dr.Robin Maskey | Dr.Bhupendra Shah | Dr.Bhupendra Shah | Dr.Robin Maskey | Dr.Bhupendra Shah |
| | | Dr.Bhupendra Shah | | | Dr.Bhupendra Shah | |
| Cardiology | Dr.Navin K. Pandey | Dr.Navin K. Pandey | Dr.Navin K. Pandey | Dr.Navin K. Pandey | Dr.Navin K. Pandey | |
| | | | | | Dr.Jeet Prasad Ghimire | Dr.Jeet Prasad Ghimire |
| Gastroenterology | Prof.Dr.Bickram Pradhan | | Prof.Dr.Bickram Pradhan | | Prof.Dr.Bickram Pradhan | |
| | Dr.Sandip Raj Bajracharya | Dr.Sandip Raj Bajracharya | Dr.Sandip Raj Bajracharya | Dr.Sandip Raj Bajracharya | Dr.Sandip Raj Bajracharya | |
| Pulmonary, Critical Care and Sleep Medicine | Dr.Rejina Shahi | Dr.Rejina Shahi | Dr.Rejina Shahi | Dr.Rejina Shahi | Dr.Rejina Shahi | |
| General Surgery | Prof.Dr.Rakesh Kr.Gupta/ Dr.Suresh P. Gupta/ Dr.Rikesh Jung Karki/ Dr.Sarada Khadka/ Dr.Rajesh P. Sah/ Dr.Abhijeet Kumar// Dr.Alok Dahal/ Dr.Bhawani Khanal/ Dr.Samir Chaudhary/ Dr.Vijay Shrestha/ Dr.Awaj Kafle | Prof.Dr.Rakesh Kr.Gupta/ Dr.Suresh P. Gupta/ Dr.Rikesh Jung Karki/ Dr.Sarada Khadka/ Dr.Rajesh P. Sah/ Dr.Abhijeet Kumar// Dr.Alok Dahal/ Dr.Bhawani Khanal/ Dr.Samir Chaudhary/ Dr.Vijay Shrestha/ Dr.Awaj Kafle | Prof.Dr.Rakesh Kr.Gupta/ Dr.Suresh P. Gupta/ Dr.Rikesh Jung Karki/ Dr.Sarada Khadka/ Dr.Rajesh P. Sah/ Dr.Abhijeet Kumar// Dr.Alok Dahal/ Dr.Bhawani Khanal/ Dr.Samir Chaudhary/ Dr.Vijay Shrestha/ Dr.Awaj Kafle | Prof.Dr.Rakesh Kr.Gupta/ Dr.Suresh P. Gupta/ Dr.Rikesh Jung Karki/ Dr.Sarada Khadka/ Dr.Rajesh P. Sah/ Dr.Abhijeet Kumar// Dr.Alok Dahal/ Dr.Bhawani Khanal/ Dr.Samir Chaudhary/ Dr.Vijay Shrestha/ Dr.Awaj Kafle | Prof.Dr.Rakesh Kr.Gupta/ Dr.Suresh P. Gupta/ Dr.Rikesh Jung Karki/ Dr.Sarada Khadka/ Dr.Rajesh P. Sah/ Dr.Abhijeet Kumar// Dr.Alok Dahal/ Dr.Bhawani Khanal/ Dr.Samir Chaudhary/ Dr.Vijay Shrestha/ Dr.Awaj Kafle | Prof.Dr.Rakesh Kr.Gupta/ Dr.Suresh P. Gupta/ Dr.Rikesh Jung Karki/ Dr.Sarada Khadka/ Dr.Rajesh P. Sah/ Dr.Abhijeet Kumar// Dr.Alok Dahal/ Dr.Bhawani Khanal/ Dr.Samir Chaudhary/ Dr.Vijay Shrestha/ Dr.Awaj Kafle |
| GI Surgery | Prof.Dr.Shailesh Adhikary | Prof.Dr.Shailesh Adhikary | Prof.Dr.Shailesh Adhikary | Prof.Dr.Shailesh Adhikary | Prof.Dr.Shailesh Adhikary | Prof.Dr.Shailesh Adhikary |
| | Dr.Kunal Bikram Deo | Dr.Kunal Bikram Deo | Dr.Kunal Bikram Deo | Dr.Kunal Bikram Deo | Dr.Kunal Bikram Deo | Dr.Kunal Bikram Deo |
| CTVS | Dr.Lokesh Shrekhar Jaiswal | Dr.Lokesh Shrekhar Jaiswal | Dr.Lokesh Shrekhar Jaiswal | Dr.Lokesh Shrekhar Jaiswal | Dr.Lokesh Shrekhar Jaiswal | Dr.Lokesh Shrekhar Jaiswal |
| | Dr.Bajay Sah | Dr.Bajay Sah | Dr.Bajay Sah | Dr.Bajay Sah | Dr.Bajay Sah | Dr.Bajay Sah |
| ENT | Dr.Shankar P. Sah | Dr.Sudeep Mishra | Dr.Deepak Paudel | Dr.Paras Raj Amatya | Dr.Shyam Thapa Chettri | |
| Dermatology & Venereology | Prof.Dr.Sudha Agrawal/ Dr.Dhan K. Khadka/ Dr.Nidhi Shah/ Dr.Prajwal Pandey | Prof.Dr.Sudha Agrawal/ Dr.Dhan K. Khadka/ Dr.Nidhi Shah/ Dr.Prajwal Pandey | Prof.Dr.Sudha Agrawal/ Dr.Dhan K. Khadka/ Dr.Nidhi Shah/ Dr.Prajwal Pandey | Prof.Dr.Sudha Agrawal/ Dr.Dhan K. Khadka/ Dr.Nidhi Shah/ Dr.Prajwal Pandey | Prof.Dr.Sudha Agrawal/ Dr.Dhan K. Khadka/ Dr.Nidhi Shah/ Dr.Prajwal Pandey | |
| GP & Emergency Medicine | Dr.Rajani Giri | Dr.Rabin Bhandari | Dr.Rabin Bhandari | Dr.Ashok Yadav | Dr.Ajay K. Yadav | Doctors will be available as per the departmental instructions |
| | Dr.Ajay K. Yadav | Dr.Masum Paudel | Dr.Masum Paudel | Dr.Pramendra P. Gupta | Dr.Ritesh Chaudhary | |
| | Dr.Ritesh Chaudhary | Dr.Ashok Yadav | Dr.Rajani Giri | Dr.Bajaya Devi Aryal | Dr.Vijay K. Shrivastaw | |
| | Dr.Bijaya Devi Aryal | Dr.Pramendra P. Gupta | Dr.Vijaya K. Shrivastaw | | | |
| Obstetrics & Gynaecology | Dr.Pappu Rijal | Dr.Pappu Rijal | Dr.Achala Thakur | Dr.Achala Thakur | Dr.Baburam Dixit Thapa | Dr.Baburam Dixit Thapa |
| | Dr.Punita Yadav | Dr.Manoj Kumar Sah | Dr.Surya Psd. Rimal | Dr.Jyotsna Yadav | Dr.Ramesh Shrestha | |
| Paediatrics | Dr.Shipra Chaudhary/ Dr.Shankar P. Yadav/ Dr.Shyam P. Kafle/ Dr.Lokraj Shah/ Dr.Basant Rai/ Dr.Arun K. Singh/ Dr.Mukesh Bhatta | Dr.Shipra Chaudhary/ Dr.Shankar P. Yadav/ Dr.Shyam P. Kafle/ Dr.Lokraj Shah/ Dr.Basant Rai/ Dr.Arun K. Singh/ Dr.Mukesh Bhatta | Dr.Shipra Chaudhary/ Dr.Shankar P. Yadav/ Dr.Shyam P. Kafle/ Dr.Lokraj Shah/ Dr.Basant Rai/ Dr.Arun K. Singh/ Dr.Mukesh Bhatta | Dr.Shipra Chaudhary/ Dr.Shankar P. Yadav/ Dr.Shyam P. Kafle/ Dr.Lokraj Shah/ Dr.Basant Rai/ Dr.Arun K. Singh/ Dr.Mukesh | Dr.Shipra Chaudhary/ Dr.Shankar P. Yadav/ Dr.Shyam P. Kafle/ Dr.Lokraj Shah/ Dr.Basant Rai/ Dr.Arun K. Singh/ Dr.Mukesh Bhatta | Dr.Shipra Chaudhary/ Dr.Shankar P. Yadav/ Dr.Shyam P. Kafle/ Dr.Lokraj Shah/ Dr.Basant Rai/ Dr.Arun K. Singh/ Dr.Mukesh Bhatta |

***Source: Hospital Administration/Concerned Departments***

## OT Schedule of B.P. Koirala Institute of Health Sciences, Dharan, Nepal

| Department | Sunday | Monday | Tuesday | Wednesday | Thursday | Friday |
|---|---|---|---|---|---|---|
| Ophthalmology (Eye) | | Prof.Dr.Poonam Lavaju | | Prof.Dr.Poonam Lavaju | | Prof.Dr.Poonam Lavaju |
| | | Dr.Sangeeta Shah | | | | |
| Orthopedics | TEAM – C | | TEAM – B | | TEAM - A | |
| | Prof.Dr.Bikram Psd. Shrestha | | Prof.Dr.Raju Rijal | | Prof.Dr.Guru Prasad Khanal | |
| | Dr.Rajiv Maharjan | Rotation | Dr.Rosa Prasad Shah Kalawar | Rotation | Dr.Pramod Baral | Rotation |
| | Dr.Amit Limbu | | Dr. Jitendra Shah | | Dr.Ashish Pandey | |
| | Dr. Yam Bdr. Gurung | | | | | |
| General Surgery | Prof.Dr.Rakesh Kr. Gupta | Dr.Suresh Psd. Sah | Prof.Dr.Rakesh Kr. Gupta | Dr.Suresh Psd. Sah | Prof.Dr.Rakesh Kr. Gupta | |
| | Dr.Rikesh Jung Karki | Dr.Sharada Khadka | Dr.Rikesh Jung Karki | Dr.Sharada Khadka | Dr.Rikesh Jung Karki | |
| | Dr.Rajesh Psd. Sah | Dr.Rupesh Psd. Sah | Dr. Abhijeet Kumar | Dr.Rupesh Psd. Sah | Dr. Abhijeet Kumar | |
| | Dr. Abhijeet Kumar | Dr.Nirmal Psd. Sah | Dr.Bhawani Khanal | Dr.Nirmal Psd. Sah | Dr.Alok Dahal | |
| | Dr.Bhawani Khanal | Dr.Vijay Shrestha | Dr.Samir Chaudhary | Dr.Vijay Shrestha | Dr.Bhawani Khanal | |
| | Dr.Samir Chaudhary | | | | Dr.Samir Chaudhary | |
| GI Surgery | | Prof.Dr.Shailesh Adhikary | | Prof.Dr.Shailesh Adhikary | | |
| | | Dr.Kunal Bikram Deo | | Dr.Kunal Bikram Deo | | |
| CTVS | | Dr.Lokesh S, Jaiswal | | Dr.Lokesh S. Jaiswal | | |
| | | Dr.Bijay Sah | | Dr.Bijay Sah | | |
| Otorhinolaryngology and Head & Neck Surgery (ENT) | Prof. Dr. Sangita Bhandari | Prof. Dr. Sangita Bhandari | Prof. Dr. Sangita Bhandari | Prof.Dr.Shyam Thapa Chettri | Prof.Dr.Shyam Thapa Chettri | Prof.Dr.Shyam Thapa Chettri |
| | Dr.Bajranga P. Shah | Dr.Bajranga P. Shah | Dr.Bajranga P. Shah | Dr.Shankar P. Shah | Dr.Shankar P. Shah | Dr.Shankar P. Shah |
| | Dr. Deepak Paudel | Dr. Deepak Paudel | Dr. Deepak Paudel | Dr.Sudeep Mishra | Dr.Sudeep Mishra | Dr.Sudeep Mishra |
| | Dr.Paras Raj Amatya | Dr.Paras Raj Amatya | Dr.Paras Raj Amatya | | | |
| Dermatology& Venereology | Dr.Nidhi Shah | Dr.Dhan Keshar Khadka | Prof.Dr.Sudha Agrawal | Dr.Prajwal Pandey | Dr.Dhan Keshar Khadka | Prof.Dr.Sudha Agrawal |
| Obstetrics &Gynaecology | Dr.Pappu Rijal | Dr.Pappu Rijal | Dr.Pappu Rijal | Dr.Baburam Dixit Thapa | Dr.Achala Thakur | |
| | Dr.Ramesh Shrestha | Dr.Ramesh Shrestha | Dr.Ramesh Shrestha | Dr.Tulasa Basnet | | |
| | Dr.Baburam Dixit Thapa | Dr.Baburam Dixit Thapa | Dr.Baburam Dixit Thapa | | | |
| | Dr.Tulasa Basnet | Dr.Tulasa Basnet | Dr.Tulasa Basnet | | | |

***Source: Hospital Administration/Concerned Departments***

## OPD Schedule of B.P. Koirala Institute of Health Sciences, Dharan, Nepal

| Department | Sunday | Monday | Tuesday | Wednesday | Thursday | Friday |
|---|---|---|---|---|---|---|
| Ophthalmology (Eye) | Prof. Dr. Poonam Lavaju | SR/JR | SR/JR | Dr. Sangeeta Shah | Prof. Dr. Poonam Lavaju | SR/JR |
| | Dr. Sangeeta Shah | | | | Dr. Sangeeta Shah | |
| | | | | | | |
| Psychiatry | Prof. Dr. Dhana Ratna Shakya | Prof.Dr. Baikuntha Raj Adhikari | Prof. Dr. Dhana Ratna Shakya | Dr.Madhur Basnet | Dr. Rinku Gautam Joshi | Prof.Dr. Baikuntha Raj Adhikari |
| | Dr. Madhur Basnet | Dr. Rinku Gautam Joshi | Dr. Sanjeev Kumar Mishra | Dr. Suraj Nepal | Dr.Madhur Basnet | Dr. Rinku Gautam Joshi |
| | Dr. Sanjeev Kumar Mishra | Dr. Suraj Nepal | Dr. Suren Limbu | Dr. Suren Limbu | Dr.Sanjeev Kumar Mishra | Dr. Suraj Nepal |
| | Dr. Suren Limbu | Dr. Binod K. Deo (Psychology) | Dr. Rajesh Kumar (Psychology) | Dr.Binod K. Deo (Psychology) | Dr. Rajesh Kumar (Psychology) | Dr. Binod Kumar Deo (Psychology) |
| | Dr. Rajesh Kumar (Psychologist) | | | | | |
| Orthopaedics | Prof.Dr.Guru Psd. Khanal | Prof.Dr.Raju Rijal | Prof.Dr.Bikram Prasad. Shrestha | Prof.Dr.Guru Psd. Khanal | Prof.Dr.Raju Rijal | Prof.Dr.Bikram Prasad. Shrestha |
| | Dr.Pramod Baral | Dr.Rosan Prasad Shah Kalawar | Dr.Rajiv Maharjan | Dr.Pramod Baral | Dr.Rosan Prasad Shah Kalawar | Dr.Rajiv Maharjan |
| | Dr.Ashish Pandey | Dr.Jitendra Shah | Dr.Amit Limbu | Dr.Ashish Pandey | Dr.Jitendra Shah | Dr.Amit Limbu |
| | | | Dr. Yam Bahadur Gurung | | | Dr. Yam Bahadur Gurung |
| Internal Medicine | Prof. Dr. Sanjib Kumar Sharma | Dr. Robin Maskey | Prof. Dr. Sanjib Kumar Sharma | Dr. Soniya Dulal | Dr. Robin Maskey | Dr. Soniya Dulal |
| | Dr. Bhuendra Shah | | Dr. Bhupendra Shah | Dr. Rajiv Sharma | | Dr. Rajiv Sharma |
| Cardiology | Dr.Jeet Prasad Ghimire | Dr. Navin Kumar Pandey | Dr.Jeet Prasad Ghimire | Dr. Navin Kumar Pandey | Dr.Jeet Prasad Ghimire | Dr. Navin Kumar Pandey |
| Gastroenterology& Hepatology | | Prof. Dr. Bickram Pradhan | | | Prof. Dr. Bickram Pradhan | |
| | | Dr.Denish Piyush | | | Dr.Denish Piyush | |
| | | Dr. Sandip Bajracharya | | | Dr. Sandip Bajracharya | |
| Pulmonology, Critical Care and Sleep Medicine | Prof. Dr. Narendra Bhatta | | Prof. Dr. Narendra Bhatta | | | |
| | Dr.Rejina Shahi | | Dr. Rejina Shahi | | | |
| General Surgery | Dr. Suresh Prasad Sah | Prof. Dr. Rakesh Kumar Gupta | Dr. Suresh Prasad Sah | Prof. Dr. Rakesh Kumar Gupta | Dr. Suresh Prasad Sah | Prof. Dr. Rakesh Kumar Gupta |
| | Dr. Sharada Khadka | Dr. Rikesh Jung Karki | Dr. Sarada Khadka | Dr. Rikesh Jung Karki | Dr. Sarada Khadka | Dr. Rikesh Jung Karki |
| | Dr. Vijay Shrestha | Dr. Rajesh Prasad Sah | Dr. Vijay Shrestha | Dr. Rajesh Prasad Sah | Dr. Vijay Shrestha | Dr. Rajesh Prasad Sah |
| | | Dr. Abhijeet Kumar | | Dr. Abhijeet Kumar | | Dr. Abhijeet Kumar |
| | | Dr. Alok Dahal | | Dr. Alok Dahal | | Dr. Alok Dahal |
| | | Dr. Bhawani Khanal | | Dr. Bhawani Khanal | | Dr. Bhawani Khanal |
| | | Dr. Samir Chaudhary | | Dr. Samir Chaudhary | | Dr. Samir Chaudhary |
| | | Dr.Awaj Kafle | | Dr.Awaj Kafle | | Dr.Awaj Kafle |
| GI Surgery | Prof. Dr. Shailesh Adhikary | | Prof. Dr. Shailesh Adhikary | | Prof. Dr. Shailesh Adhikary | |
| | Dr. Kunal Bikram Deo | | Dr. Kunal Bikram Deo | | Dr. Kunal Bikram Deo | |
| CTVS | | | Dr. Lokesh Shekhar Jaiswal | | Dr. Lokesh Shekhar Jaiswal | |
| | | | Dr. Bijay Sah | | Dr. Bijay Sah | |
| Otorhinolaryngology and Head & Neck Surgery (ENT) | Prof. Dr. Shyam Thapa | Prof. Dr. Shyam Thapa | Prof. Dr. Shyam Thapa | Prof. Dr. Sangita Bhandari | Prof. Dr. Sangita Bhandari | Prof. Dr. Sangita Bhandari |
| | ` Dr.Shankar P. Shah | ` Dr.Shankar P. Shah | ` Dr.Shankar P. Shah | Dr.Bajranga P. Shah | Dr.Bajranga P. Shah | Dr.Bajranga P. Shah |
| | Dr. Sudeep Mishra | Dr. Sudeep Mishra | Dr. Sudeep Mishra | Dr. Deepak Paudel | Dr. Deepak Paudel | Dr. Deepak Paudel |
| | | | | Dr. Paras Raj Amatya | Dr. Paras Raj Amatya | Dr. Paras Raj Amatya |
| Dermatology& Venereology | Prof. Dr. Sudha Agrawal | Dr. Nidhi Sah | Dr. Dhan Keshar Khadka | Dr. Nidhi Sah | Prof. Dr. Sudha Agrawal | Dr. Dhan Keshar Khadka |
| | Dr. Prajwal Pandey | | | | Dr. Prajwal Pandey | |
| General Practice & Emergency Medicine | Dr. Rajani Giri | Dr. Rabin Bhandari | Dr. Rabin Bhandari | Dr. Ashok Yadav | Dr. Ajay K. Yadav | As per Rotation |
| | Dr. Ajay Kumar Yadav | Dr. Masum Paudel | Dr. Masum Paudel | Dr. Pramendra Gupta | Dr. Ritesh Chaudhary | |
| | Dr. Ritesh Chaudhary | Dr. Ashok Yadav | Dr. Rajani Giri | Dr. Bijaya Devi Aryal | Dr. Vijay K. Shrivastav | |
| | Dr. Bijaya Devi Aryal | Dr. Pramendra Gupta | Dr. Vijay K. Shrivastav | | | |
| Obstetrics & Gynaecology | Dr. Pritha Basnet | Dr. Pritha Basnet | Dr. Pappu Rijal | Dr. Pappu Rijal | Dr. Achala Thakur | Dr. Achala Thakur |
| | Dr. Baburam (Dixit) Thapa | Dr. Baburam (Dixit) Thapa | Dr. Punita Yadav | Dr. Punita Yadav | Dr. Anamika Das | Dr. Anamika Das |
| | Dr. Ramesh Shrestha | Dr. Ramesh Shrestha | Dr. Manoj Kumar Sah | Dr. Manoj Kumar Sah | | |
| | Dr.Tulasa Basnet | Dr.Tulasa Basnet | Dr. Jyotsna Yadav | Dr. Jyotsna Yadav | | |
| | Dr. Dipa Shah | Dr. Dipa Shah | | | | |
| Pediatrics & Adolescent Medicine | Dr. Shyam Prasad Kafle | Prof. Dr. Gauri S. Shah | Dr. Shipra Chaudhary | Prof. Dr. Nisha Keshari Bhatta | Dr. Shyam Prasad Kafle | Dr. Shankar Prasad Yadav |
| | Dr. Basant Rai | Dr. Shipra Chaudhary | Dr. Mukesh Bhatta | Dr. Arun Kumar Singh | | Dr. Basant Rai |
| | Dr. Mukesh Bhatta | Dr. Shankar Prasad Yadav | | | | Dr. Arun K. Singh |

***Source : Hospital Administration/Concerned Departments***

### Status of Operations done in Baishakh/Jestha - 2081

| Types of OT | Major | | Intermediate | | Minor | | Total |
|---|---|---|---|---|---|---|---|
| | General | Paying | General | Paying | General | Paying | |
| | Baishakh/Jestha | | Baishakh/Jestha | | Baishakh/Jestha | | |
| Routine | 351/378 | 384/420 | 25/45 | 69/106 | 98/121 | 40/42 | 967/1112 |
| Obst. & Gynae | 266/310 | 30/36 | 4/9 | 0 | 103/120 | 14/15 | 417/490 |
| Emergency | 109/111 | 0 | 15/14 | 0 | 14/10 | 0 | 138/135 |
| Day Care | 0 | 0 | 15/11 | 23/17 | 49/54 | 76/81 | 163/163 |
| Derma * | 99/112 | 28/26 | 370/420 | 55/62 | 364/295 | 48/61 | 964/976 |
| **Total** | **825/911** | **442/482** | **429/499** | **147/185** | **628/600** | **178/199** | **26492876** |

General OT : 1882/2010 — *Number of safe abortion care service done : 57/59*

Paying OT: 767/866 — *Number of cases done in Cardiac Catheterization Laboratory: 125/179*

** Asthetic procedures included in minor: 89/60*

***Source: Matron Office***

## सम्पादन समूह

डा.अन्जु प्रधान, प्रवक्ता

डा.अभिजीत कुमार, सह-प्रवक्ता

निरज पोखेल, सिनियर क्लर्क

सूचना तथा सञ्चार केन्द्र

फोन नं.:०२५-५२५५५५-४०००/२०९२

info.bpkihs@bpkihs.edu
spokesperson.bpkihs@bpkihs.edu